CIVIC ACTION TEAMS

Nepal Coronavirus CivActs Campaign

अंक #६२

०१।६।२०७७

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

लामो दुरीका सवारी साधनमा सञ्चालन गर्दा लागु हुने सर्तहरू

01 सिट क्षमताको ५०% यात्रु मात्र बोक्न पाउने ।

02 एक पंक्तिको १ सिटमा एक जना मात्र यात्रु राख्न पाईनेछ ।

03 सबै यात्रुले मास्क अनिवार्य लगाउनु पर्नेछ ।

04 यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधन भित्र सेनिटाईजरको अनिवार्य व्यवस्था हुनु पर्नेछ ।

05 चालक र सहचालकले मास्क, पञ्जा र भाईजर लगाउनु पर्नेछ ।

06 सवारी साधनलाई दैनिक निसंक्रमण गर्नु पर्नेछ ।

07 तोकिएको भाडा दरमा अधिकतम ५०% सम्म भाडा लिन पाईनेछ ।



सर्त लागु भए/नभएको अनुगमन यातायात व्यवस्था विभाग, यातायात व्यवस्था कार्यालय र ट्रफिक प्रहरीले गर्नेछन् ।

स्रोत: https://www.facebook.com/457161001021145/videos/1032488617173276

नेपाल अपडेट

नेपालगञ्जको जमुनाहा नाका हुदै रोजगारीका लागि भारत जानका लागि लागेको लाइन

तस्बिर: लोक बहादुर घर्ती

हल्ला र तथ्य

नयाँ नियम आए पछि कोरोना बीमा गरेकाले मात्र बीमा दाबीको २५% रकम मात्र पाउने हो की पुराना बीमितलाई पनि त्यही नियम हो ?

२०७७ भदौ २९ गते देखी लागु हुने गरी कोरोना बीमा मापदण्ड २०७७ तथा कोरोना बीमालेख संसोधन गरिएको हो । त्यसैले २०७७ भदौ २९ गते पछी बीमा गराएका बीमितको हकमा संक्रमित भई होम आईसोलेशनमा बस्नुपरेमा बीमा कम्पनीले बीमितलाई राहत खर्च स्वरुप बीमा दाबी को २५% भुक्तानी ७ दिन भित्र गर्ने भनेको छ । यदि संक्रमित अस्पताल भर्ना हुनु परेमा प्रमाणित बिल बमोजिम अधिकतम ७५% रकम बीमा रकम भुक्तनी गर्नु पर्नेछ । तर सो मिति भन्दा अगाडी बीमा गराएकाको हकमा भने कोरोना पुष्टि भएको प्रमाण पत्रको आधारमा पुरानै सम्झौता अनुसार १००% रकम नै भुक्तनी गर्नु पर्नेछ ।

स्रोत: http://nib.gov.np/wp-content/uploads/2020/09/Circular-6-2077.078.pdf

सबै व्यवसाय र यातायात खुले भन्छन् । फेरी काठमाण्डौ उपत्यकाका यातायातमा जोर बिजोर कायमै छ भन्छन् । के भन्न खोजेको हो ?

काठमाण्डौ उपत्यकामा सञ्चालन हुने सार्वजनिक तथा निजी सवारी साधनहरुमा जोर बिजोर प्रणली कायमै रहने छ । तर, अत्यावश्यक सेवा, कार्यालय आवत जावत र सबै प्रकारका ढुवानी साधनको हकमा भने जोर बिजोरको नियम लागु हुने छैन । त्यसै गरेर उपत्यकाबाट बाहिरिने र उपत्यका प्रवेश गर्ने लामो दुरीका सवारी साधनमा पनि जोर बिजोरको नियम लागु हुने छैन ।

स्रोत: https://daokathmandu.moha.gov.np/public/upload/

स्थानीय तहमा कोभिड - १९ अस्थायी अस्पताल खोल्ने त भन्यो, तर जनशक्ति नै छैन भनिन्छ । यसको व्यवस्थापन सरकारले कसरी गर्दैछ ?

त्यसरी जनशक्ति अपुग भएमा त्यसको व्यवस्थापन करारमा आवश्यक जनशक्ति भर्ना गर्ने भनिएको छ । प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा अस्पताल स्थापना भएको खण्डमा, अतिरिक्त चिकित्सक तथा स्टाफ नर्स करारमा लिने सम्बन्धी निर्णय स्थानीय तहले गर्नेछ । आवश्यक जनशक्ति व्यवस्थापनका लागि प्रति स्थानीय तहलाई ४ लाख ५० हजार रकम निकासा गरिसकिएको छ ।

स्रोत: https://cutt.ly/tfSwmql

प्रदेश पाँचको सरकारले कोभिड विशेष कृषि कार्यक्रम सुरु भयो भनेको छ । यो भनेको के हो ?

खासगरी यो कार्यक्रम कोरोनाका कारण विदेशमा रोजगारी गुमाएर फर्किएका यूवाहरुलाई कृषि व्यवसायमा जोइन र कृषि उत्पादन बढाउन लक्षित छ । यो कार्यक्रमबाट प्रदेश पाँचका सबै १२ जिल्लाका १०९ पालिकामा लागु हुनेछ । यस कार्यक्रम अन्तरगत प्रत्येक स्थानीय तहबाट कोभिडका कारण रोजगारी गुमाएर विदेशबाट फर्केका लगायत १ सय जनाका दरले कुल १० हजार ९ सय जनालाई कृषि व्यवसाय गर्न प्रतिव्यक्ति २० हजार रुपैया अनुदान दिइने छ । कृषि उत्पादनमा सहयोग पुराउन प्रति स्थानीय तहमा रहेका ५० जना कृषकलाई साना यन्त्र पनि बितरण गरिदैछ ।

स्रोत: https://cutt.ly/1fDNveA

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्

COVID-19

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

Open Migration

मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

साउदी अरब	कुवेत	बहराईन	कतार	युएई	ओमान	मलेसिया	दक्षिण कोरिया
३,३४,४५१ नेपाली	७१,१२३ नेपाली	२६,००० नेपाली	४,०६,९१७ नेपाली	२,२४,९०५ नेपाली	१७,०५७ नेपाली	५००,००० नेपाली	३८,८६२ नेपाली
३,२७,५५१ संक्रमित	९६,९९९ संक्रमित	६२,४८४ संक्रमित	१,२२,६९३ संक्रमित	८१,७८२ संक्रमित	९१,१९६ संक्रमित	१०,०५२ संक्रमित	२२,६५७ संक्रमित
१८७५ नेपाली संक्रमित	१६५० नेपाली संक्रमित	४५१ नेपाली संक्रमित	२२,५०० नेपाली संक्रमित	२४०० नेपाली संक्रमित	४५ नेपाली संक्रमित	८१ नेपाली संक्रमित	२ नेपाली संक्रमित
११ मृत्यु भएका नेपाली	७ मृत्यु भएक नेपाली	३ मृत्यु भएका नेपाली	१६ मृत्यु भएका नेपाली	३० मृत्यु भएका नेपाली	१ मृत्यु भएका नेपाली		



स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

कुवेत र साउदी अरब सरकारले गरेका केही नयाँ निर्णयहरु

कुवेत:

- सेप्टेम्बर १ पछी भिषा सकिएको अवस्थामा देश छाड्नु पर्नेछ । यदी भिषा सकिएर पनि देश नछोडेमा जरिवाना लाग्नेछ ।
- PACI Center अब १४ घण्टा खुल्ने भएका छन् । PACI Center मा हामीले आफ्नो सिभिल आईडी लिनको लागि जानु पर्ने हुन्छ । सिभिल आईडी प्रिन्ट भएर पनि लिन नगएको खण्डमा जरिवाना लाग्नेछ।
- लामो समयदेखी कुवेत आउन प्रतिबन्ध लगाईएका ३२ देशसँगै अरु थप ३ देशलाई प्रतिबन्ध गरीएको छ। यसरी प्रतिबन्धित देशमा नेपाल पनि पर्दछ ।

साउदी अरब:

सेप्पेम्वर १५ देखी रेसिडेन्सी भिषा भएका, स्थायी रुपमा यहाँ काम गर्ने, कुटनैतिक नियोगमा काम गर्ने लगायतका बिभिन्न क्षेत्रका व्यक्तिहरुलाई फर्किन दिईने भएको छ । तर, जनवरी १, २०२१ देखी भने पूर्णरुपमा खुल्ने भन्ने जनाईएको छ । यसको बारेमा पूर्ण निर्णय भने यो वर्षको अन्तिम सम्ममा गरिने बताईएको छ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

$ फलो द मनी - खर्चको अर्थ

२०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

१३ अर्ब ३७ करोड

संघिय सरकार	प्रदेश सरकार	स्थानीय सरकार	प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष
३६%	११%	४५%	८%

संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

अन्य
रु. १,२४,७३,०००

प्रदेश सरकारले गरेको खर्च



accountabilitylab NEPAL

फ्रन्टलाईनर्स भोईसेस

डा. भोजराज बम

मेडिकल अधिकृत

"भारतबाट फकेर आउनेको संख्या ठुलो थियो । क्वारेन्टाईनको लागि विद्यालय प्रयोग गर्न पनि दिईएको थिएन । टिनको टहरा बनाएर क्वारेन्टाईन स्थापना गऱ्यौं । त्यहाँ बसेका १५०० जना जती सबैको स्वाव संकलन गरी परिक्षण गरायौं । त्यस मध्ये २४ जनामा संक्रमण पुष्टि भयो । नतिजा नेगेटिभ नआउँदा सम्म घर पठाएनौ । एक जनालाई त ६ पटक सम्म पनि परिक्षण गऱ्यौं । त्यसको लागि ६५ दिन सम्म क्वारेन्टाईनमा राख्यौं । यसरी लामो समय किन क्वारेन्टाईनमा राख्यो भनेर प्रश्न नउठेको पनि हैन । तर प्रतिफल समुदाय स्तरमा संक्रमण फैलिन पाएन।"

कुमारी पुजा बडुवाल

अस्पताल नर्सिङ निरिक्षक, जिल्ला अस्पताल, प्युठान

"जिल्ला अस्पतालमा प्राय डेलिभरी केसहरु आउने भएकोले सावधानी अपनाउदा अपनाउदै पनि कोरोना परीक्षणको नतिजा कुरेरमात्र उपचार गर्ने अवस्था हुदैन । त्यस्ता सेवाग्राहीलाई जोखिम मोलेर भए पनि तत्काल सेवा दिनुपर्ने हुन्छ । कसलाई संक्रमण छ, कसलाई छैन भन्ने नै थाहा हुदैन । जसले गर्दा चार जना सहकर्मीलाई पनि कोरोना संक्रमण भईसक्यो । सँगै २३ महिनाकी छोरी छिन । घर पुग्ने वित्तिकै अंगालोमार्न आईपुग्छिन । हरेक पटक छोरीलाई अँगालेमा लिदा भने संक्रमण सर्छकी भन्ने डर लाग्छ ।"

राजेश्वर प्रसाद शाह

सि.अ.हे.व., बेलही स्वास्थ्यचौकी, चकरघट्टा, सर्लाही

"अहिलेको अवस्थामा म जस्ता स्वास्थ्यकर्मीको लागि सबै भन्दा चुनौतीपूर्ण काम भनेको सेवाग्राहीमा प्रयाप्त सचेतना नपुग्नु हो । हामी सुरक्षाका उपाय अपनाउछौं तर सेवाग्रही मास्क पनि प्रयोग नगरेर उपचारको लागि आउनुहुन्छ । स्वास्थ्य कार्यालयमा आएपछि उपचार त गर्ने पर्छ । स्वास्थ्यचौकी आएकाह(रुलाई बुझाएर पठाउने गरेकाछौं । सेवाग्राहीबाटै संक्रमण सर्छकी भन्ने डर छ । खुसिको कुरा आज सम्म म कार्यरत वडा नं. २ मा अहिले सम्म संक्रमण देखिएको छैन । तर पनि पूर्ण सावधानी अपनाउने गरेको छुँ ।"

फुड बैंकले देखाएको बाटो

कोरोना महामारीका कारण मान्छेहरुको दैनिकी असहज बन्दै गाईरहेको समयमा हुनेले दिऔं, नहुनेले लैजाऔं भन्ने उद्धेश्यका साथ देशका विभिन्न ठाउँहरुमा फुड बैंकहरु स्थापना भईरहेका छन् । यसले रोजगार विहिन भई हातमुख जोर्न कठिन भएका र अन्य कारणले साँझबिहान खाना खान संघर्ष गनुपर्ने समुहलाई थोरै भए पनि राहत दिएको छ । यस्तै मानविय सेवाभावको अभ्यास पच्छ्याउँदै नेपालगञ्जमा पनि कारकाँदौ र अस्पताल रोडमा गरि २ स्थानमा फुड बैंक स्थापना भएका छन् ।

बास लेपालगञ्ज र रोटरी क्लव अफ नेपालगञ्जले संयोजन गरेको फुड बैंकसँग नेपालगञ्ज उप-महानगरपालिकाले संस्थागत सहकार्य गर्ने भनेको छ । उप-महानगरपालिकाले फुड बैंकका लागि ५ लाख बराबरको खाद्यान्न सहयोग गर्ने निर्णय पनि गरेको छ । उप-महानगरपालिकाका प्रमुख धवल शमसेर राणाले फुड बैंकका लागि १ महिना बरावरको तलब, भत्ता बाफतको रकम रु. ५० हजार सहयोग गर्ने घोषणा गरेकाछन् । नेपाल उद्योग बाणिज्य महासंघले फुड बैंकका लागि आवश्यक सहयोग गर्ने बताएको छ ।

हुनेले नहुनेलाई सहयोग गर्न तत्काल सहयोग पनि जुटिरहेको छ । यसको निरन्तरता र दिगो समाधानमा प्रश्न उठ्न सक्छ । तर, यसको प्रभावकारीताले यसको आवश्यकता र व्यवहारिकतालाई थप बल दिन्छ । सरकारले यसअघी बाँडेको राहत वितरणको विबादास्पद प्रकृयालाई पनि चुनौति दिन्छ।

यसरी हेर्दा, समाज विकासमा सरकार र निजी क्षेत्र बिचको साझेदारी अबको निर्विकल्प उपाय हो भन्ने निष्कर्षमा पुग्न माथिको उदाहरणले जोडबल दिन्छ । राहत वितरण मात्र हैन, बेरोजगारका लागि रोजगारी सृजना गर्न सरकारले निजी क्षेत्रसँग साझेदारी गरेर अगाडी बढ्ने हो भने, भोलिका दिनमा युवा श्रम र सिपलाई स्वदेशमै उपयोग गरी वैदेशिक रोजगारीमा निर्भर श्रमबजार अन्त्य गरी देशमै सम्भावना विस्तार गर्न सकिन्छ ।

सही सूचना

नेपालमा कोभिड - १९ को जोखिम कम हो ?
अथवा गम्भिर केसहरु ढिलो गरेर आईरहेकाछन् ?

प्रदेश अनुसार सघन उपचारमा रहेका कोभिड - १९ का बिरामीको संख्या



माथिको ग्राफमा प्रदेश अनुसार ICU र भेन्टिलेटरमा उपचार चाहिने कोभिड - १९ का बिरामीको संख्यालाई देखाईएको छ । अहिले सघन उपचारमा रहेका बिरामीहरु सबै भन्दा बढी बागमती प्रदेशमा रहेकाछन् । तथ्यांक हेर्ने हो भने, नेपालमा सक्रिय संक्रमितको तुलनामा सघन उपचार चाहिने बिरामीको संख्या एकदम थोरै छ । यद्यपी नेपालमा बिरामीको मृत्यु भईसकेपछी संक्रमण पुष्टि हुनेको संख्या धेरै छ । यसले नेपालमा सघन उपचार चाहिने बिरामी धेरै भए पनि, त्यस्ता बिरामी पत्ता लगाउन ढिलो भईरहेको हो की भन्ने तिर पनि संकेत गर्दछ ।

स्रोत: HEOC, MoHP, SitRep

DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

Coronavirus CivActs Campaign is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219